# राजविराज नगरपालीका

## नगर कार्यपालिकाको कार्यालय

## राजविराज, सप्तरी मधेशं. प्रदेश, नेपाल

प.स.
च.नं.

विषय : बालुवा संकलन तथा विक्री सम्बन्धी सिलबन्दी बोलपत्र आहवानको सुचना ।

दोश्रो पटक प्रकाशित मिति :२०८१।०९।२७ गते

यस राजविराज नगरपालिकाको आन्तरिक आय संकलन गर्ने कार्य अन्तर्गत आ.व. २०८१।०८२ का लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा (२) को खण्ड घ (६) मधेश प्रदेश आर्थिक ऐन २०८० को दफा ८ तथा सो ऐन संग सम्वन्धित अनूसुची ६ को अधिनमा रही तपसिल बमोजिको शर्तमा बालुवा तोकिएको स्थानबाट संकलन तथा निकासी कर उठाउनको लागी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएको हुँदा सम्फौता मिति देखी २०८२ अषाढ मसान्तसम्मको लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले उक्त ठेक्का लिन इच्छुक व्यक्ति, फर्म, संघ संस्थाले निम्न शर्त बन्देजको अधिनमा रही रितपुर्वक सिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशन गरिएको छ.। यो सूचना पहिलो पटक प्रकाशित भएको मिति देखी २०८१।१०।१३ गते सम्म कार्यालय समय भित्र नगद रु. ३०००।०० (अक्षरेपी तिन हजार)(फिर्ता नहुने) तिरी बोलपत्र फारम खरिद गर्न सकिने छ । खरिद गरिएको बोलपत्र फारम भरी २०८१।१०।१४ गते दिनको १२.०० बजे भित्र सिलबन्दी गरी यस नगरपालिकामा दर्ता गराउनु पर्ने छ । पर्न आएको सिलबन्दी बोलपत्र फारमहरु सोही दिनको २:०० बजे रितपुर्वक खोलिने छ ।

**शर्त तथा बन्देजहरु**

१. सम्फौता मिति देखी २०८२ अषाढ मसान्त सम्मका लागि यस ठेक्काको न्युनतम अंक रु १४,९८,८७६।५० (मु.अ.कर बाहेक) कायम गरिएको छ । न्युनतम रकम भन्दा माथि सवै भन्दा बढी रकम कबोल गर्ने सारभुत रुपमा प्रभावग्राही वोलपत्र दातालाई नियमानुसार एक बर्षका लागि ठेक्का दिइ चलन गर्न दिईने छ ।

२. नगरपालिकालाई तिर्न बक्यौता रहेको, पेश्की तथा बेरुजु रहेको, नगरपालिकाले कालो सूचिमा राखी सेवा रोक्का राखेको व्यक्ति वा निजको एकाघरको परिवारका सदस्यहरुले ठेक्का लिन पाउने छैन । बोलपत्रदाताको घरमा अनिवार्य सौचालय हुनु पर्ने छ ।

३. प्राप्त बोलपत्रहरु यो मिति २०८१।१०।१४ गते अपरान्ह २.०० बजे कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । सो समय बोलपत्रदाता अथवा निजको अधिकार प्राप्त प्रतिनिधि उपस्थित हुनु पर्ने छ । उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

४. बोलपत्र दिने व्यक्ति नेपाली नागरिक ५ प्रतिशत दरले बोलपत्र अंकको धरौटी रकम यस न.पा. कार्यालयको रा.वा. बैंकमा रहेको धरौटी खाता हि.नं. २१८०१००३०३००००६ मा जम्मा गरि सो को सक्कलै भौचर यस कार्यालयमा बोलपत्र साथ दाखिला गर्नु पर्ने छ ।

५. बोलपत्र स्विकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने सर्वाधिकार न.पा.का.मा सुरक्षित रहने छ ।

६. सदर हुने बोलपत्रदाताले ठेक्का अंकको दामासाहीले हुन आउने सम्पूर्ण ठेक्का रकम ३ (तिन) किस्तामा चुक्ता गर्नु पर्ने छ । पहिलो किस्ता रकम सम्फौता गर्दा नै अनिवार्य दाखिला गर्नु पर्ने छ । दोस्रो किस्ता रकम २०८१ साल चैत्र मसान्त सम्ममा जम्मा गर्नु पर्ने छ । तेस्रो किस्ता रकम २०८२ जेष्ठ मसान्त सम्म अनिवार्य चुक्ता गर्नु पर्ने छ । कबोल अंक वरावरको रकमको परफरमेन्स वण्ड (बैंक ग्यारेन्टी ) दिनु पर्ने छ ।

७. ठेकेदारले राखेको बैंक ग्यारेन्टी रकम नगरपालिकाले जुनसुकै बखत मांग गरी आफनो बक्यौता रकम असुल उपर गर्ने छ ।

८. ठेकेदारले ठेका रकम असुल उपर गर्दा सडकमा कुनै पनि प्रकारको ढाट वा अवरोधक हरु राख्ने पाउने छैन ।

९. ठेक्का चलनको सम्बन्धमा अदालत, नगरपालिका, स्थानीय प्रशासन, नेपाल सरकारले दिएको आदेश निर्देशनको विना शर्त पालना गर्नु गराउनु पर्ने छ । सो पालना गर्दा कुनै क्षति, हानी नोक्सानी भयो भने नगरपालिका समक्ष मांग दावी ठेकेदारले गर्न पाउने छैन ।

१०. ठेक्का चलन गर्दा प्रचलित नेपाल कानुन (संघीय, प्रदेश तथा स्थानीय सरकार) बमोजिम गर्न गराउनु पर्ने छ । सो अनुसार नगरेमा ठेकेदार नै स्वत जिम्मेवार हुनेछ ।

११. ठेक्का चलन गर्दा तोकिएको दररेट भन्दा बढी रकम कुनै पनि हालतमा ठेकेदारले उठाउन पाउने छैन । न.पा. को छाप लागेको रसिद, भरपाई प्रयोजनमा ल्याउनुपर्ने छ । कुनै गलत वा अवैधानिक प्रकृया अपनाएको पाएमा बढीमा ३ पटक सम्म न.पा.ले सचेत गराउने छ । सो गर्दा पनि अटेरी गरेमा न.पा.ले ठेक्का तोडी नियमानुसारको कारवाही का लागी प्रकृया अगाडी बढाउने छ ।

Scanned with CamScanner

१२. नेपाल सरकारलाई बुझाउनु पर्ने कर, शुल्क, दस्तुर रकम ठेकेदारले नै बुझाउनु पर्ने छ ।

१३. कुनै किसिमको हडताल, बन्दी चक्काजाम भएका दिनको रकम मिन्हा माग्ने पाईनेछैन ।

१४. स्वीकृत बोल कवोल अंकको रकम एक मुष्टजम्मा गरेमा कबोल अंक रकमको १० (दश) प्रतिशत छुट हुने छ ।

१५. ठेकेदारले न.पा.ले तोकेको दररेट ठेक्का उठाउने स्थलमा सबैले देख्ने गरि होर्डिंग बोर्ड बनाई राख्नु पर्नेछ ।

१६. ठेका चलन गर्दा विवाद परेमा त्यसको सामाधान ठेकेदारले गर्नु पर्ने छ ।

१७. ठेकेदार र नगरपालिका कार्यालय विच विवाद उतपन्न भएमा राजविराज नगरपालिकाले गरेको निर्णय अन्तिम र दुवै पक्षलाई मान्य हुने छ ।

१८. कुनै पनि बाहाना वा कारण देखाई ठेक्का रकम मिनाहा, छुट ठेकेदारले दावी वा माग गर्न पाउने छैन ।

१९. यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचलित ऐन कानुन बमोजिम हुने छ ।

२०. बोलपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुने छ ।

२१. ठेकेदारले उठाउन पाउने दर रेट राजविराज नगरपालिका कार्यालयको आर्थिक ऐन २०८१ अनुसार हुनेछ ।

Scanned with CamScanner